# मदिरा (नियन्त्रण तथा व्यवस्थापन कार्यविधि) नियमावलि, २०७४

## खप्तड छेडेदह गाउँपालिका

## बाजुरा जिल्ला

## ७ नं प्रदेश, नेपाल

# मदिरा (नियन्त्रण तथा व्यवस्थापन कार्यविधि) नियमावलि, २०७४

कार्यविधि संख्या : १

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/१२/१४

पहिलो संसोधनः-२०७५/०६/०७

**प्रस्तावना :**

समुदायलाई सभ्य, सुसज्जीत, शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, खप्तड छेडेद गाउँपालिकाले स्थानीय सरकार संचाल ऐन, २०७४ को परिच्छेद ३ को दफा ११(ञ)(१४) बमोजिमको अधिनमा रहि यस खप्तड छेडेदह गाँउकार्यपालिकाले कार्यविधि बनाई लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मदिरा (नियन्त्रण तथा व्यवस्थापन कार्यविधि) नियमावलि २०७४" रहेको छ ।

(२) यो (कार्यविधि) नियमावलि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "सेवनकर्ता" भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

३. **मदिराको  नियन्त्रण :** यस गाँउपालिका भित्र व्यक्ति तथा व्यवसायिहरुले मदिराको उत्पादन, विक्रीवितरण,ओसारपसार तथा सेवन गर्न पुर्ण रुपमा प्रतिबन्ध गरिएको छ ।

४. **समिति गठन :** (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि यस गाँउपालिकामा निम्न बमोजिमको एउटा गाँउपालिका स्तरिय समिति गठन गरिने छ ।

गाँउपालिका अध्यक्ष - संयोजक

गाँउपालिकाका उपाध्यक्ष - सदस्य

सबै वडाका वडाध्यक्षहरु - सदस्य

स्वास्थ्य संयोजक - सदस्य

प्रहरी इन्चार्ज - सदस्य

गाँउकार्यपालिकाका महिला र दलित /अल्पसंख्यक गरि दुई जना सदस्यहरु - सदस्य

प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

४(क) **वडासमिति गठन :** (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा निम्न बमोजिमको एउटा वडामा  समिति गठन गरिने छ ।

वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति - संयोजक

प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

स्वास्थ्य कार्यालयको प्रतिनिधि - सदस्य

वडा स्तरको महिला समुहको प्रतिनिधि - सदस्य

वडा स्तरको बाल समुहको प्रतिनिधि - सदस्य

व्यापार तथा व्यवसायी संघको प्रतिनिधि -सदस्य

वडा सचिव - सदस्य सचिव

५. **गाँउपालिका स्तरिय समिति र वडा समितिको काम कर्तव्य र अधिकार :** (१) वडा समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको बारेमा जाँचबुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिले अनुगमन गरि सकेपछिको प्रतिवेदन तयार गरि अनिवार्य रुपमा गाउँपालिका स्तरिय समीतिमा प्रतिवेदन पेश गर्नुपर्ने छ । र उक्त समतिले सो प्रतिवेदन गाँउकार्यपालिकाको बैठकमा पेश गर्नेछ ।

(३) अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा बिक्री वितरण बारे अनुगमन गर्दा यस कार्यविधिको नियम ३ मा उल्लेख गरिएका शर्तका कुरा के कति पालन गरिएका छन् सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने छ ।

(४) नियम ४ बमोजिमको समितिले नियम ७(१),(२),(३) र (४) बमोजिमको कसुर गर्ने उपर न्यायिक समितिमा मुद्दा दायर गर्न सिफारिस गर्न सक्नेछ ।

(५) गाँउपालिका स्तरिय समतिले कुनै व्यक्ति वा व्यवसायीले मदिरा संञ्तिच राखेको वा ओसार पसार गर्दा भेटिएमा वा सुचना प्राप्त भएमा उक्त मदिरालाई नियन्त्रणमा लिई मुचुल्का उठाई नष्ट गर्नेछ ।

६. **सचेतना कार्यक्रम संचालन गर्ने :** (१) प्रत्येक ६ महिनामा मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्ने छ ।

(२) वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ ।

७. **कसुर गरेको ठहर्नेः**(१)मदिरा उत्पादन गर्ने सर समान जुटाई घरेलु रुपमा मदिरा उत्पादन गर्ने कार्यलाई उत्पादन कसुर गरेको ठहर्नेछ ।

(२) इजाजत पत्र लिई वा नलिई व्यवसायिक लाभ प्राप्त गर्ने उद्देश्यले मदिरा खरिद विक्रि गर्ने कार्य मदिरा खरिद विक्रि कसुर ठहर्नेछ ।

(३) यस गाँउपालिका बाहिरबाट खरिद विक्रि गर्ने अभिप्रायले मदिरा जन्य बस्तु ल्याउने कार्य ओसार पसार कसुर ठहर्नेछ ।

(४) मदिरा सेवन गर्ने कार्यलाई सेवन कसुर मानिनेछ ।

८. **सजाय गर्न सकिने :** (१) कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण, ओसारपसार तथा सेवन गर्नेलाई कानून बमोजिम सजाय गर्न सकिने छ ।

(२) नियम ७(१) विपरितको कसुर गर्ने व्यक्तिललाई पहिलो पटक रु. १०,१००।- (दशहजार एक सय रुपैया मात्र ) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पटक सोही कसूर गरेमा रु. १००० (एक हजारका )दरले थप हुदै जाने छ ।

(३) नियम ७(२) विपरित कसुर गर्ने व्यक्ति वा व्यवसायिलाई पहिलो पटक रु. १५,०००।-( अक्षेररुपि पन्ध्र हजार रुपैया मात्र) जरिवाना गरिने छ । सोही व्यक्ति वा व्यवसायिले पटक पटक सोही कसूर गरेमा रु. १००० (एक हजारका) दरले बढ्दै जाने छ ।

(४) नियम ७(३) बमोजिमको कसुर गर्ने व्यक्ति वा व्यवसायिलाई पहिलो पटक रु. ५,०००।-( पाँच हजार) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पटक सोही कसूर गरेमा रु. १००० ( एक हजारका) दरले बढ्दै जाने छ ।

(५) नियम ७(४) बमोजिमको कसुर गरि होहल्ला गर्ने, शार्वजनिक स्थलमा, शान्ति भंग गर्ने, गाली व्यईजती गर्ने व्यक्तिलाई पहिलो पटकका लागि रु ५,०००।-(पाँचहजार रुपैया मात्र) जरिवाना गरिनेछ । सोही व्यक्तिले पटक पटक सोही कसुरमा रु १,०००।-का दरले बढदै जानेछ ।

९. **मुद्दा दिन सक्ने :** यस (कार्यविधि) ऐन अन्तर्गत कसुर उल्लंगन गरेमा कुनै पनि व्यक्तिले यस गांउपालिकाको न्यायिक समितिमा मुद्दा दायर गर्न सक्नेछ ।

१०. **पुनरावेदन सम्बन्धि व्यवस्था**: यस गाँउपालिकाको न्यायिक समितिले गरेको फैसला उपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले जिल्ला अदालतमा पुरावेदन गर्न सक्नेछ ।

११. **पुरस्कार :** कसैले यस कार्यविधि विपरीत कार्य गरेको कुरा प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिको नाम गोप्य राखि निजलाई नियम ७(१) बमोजिम सुराकि दिएमा रु १५००।-,नियम ७(२) बमोजिमको सुराकी दिनेलाई २,२००।-र नियम ७(३) र ७(४) बमोजिमको सुराकी दिनेलाई ७५० र प्रहरी तर्फ प्रत्येक जरिवानाको २५ प्रतिशत रकम पुरस्कार दिईने छ । साथै सुराकी नभई प्रहरीले सोझै कारबाही गरेमा प्रत्येक जरिवानाको ५० प्रतिशत पुरस्कार बापत दिइनेछ ।

**१२.बदरः** यस कार्यविधिमा उल्लेखित नियम तथा उपनियमहरु मुल कानुन सँग बाझिएमा बाझिएको हद सम्म बदर भागि हुनेछ ।

**१३.संसोधन :-** माथि उल्लेखित नियम तथा उपनियमहरु आवश्यकता अनुसार संसोधन, परिमार्जन वा परिवर्तन गर्न सकिनेछ र उक्त अधिकार यस खप्तड छेडेदह गाँउपालिकाको गाँउकार्यपालिका लाई हुनेछ ।

ईति सम्वत् २०७५ साल अशोज ७ गने रोज् १ शुभम् ।